# एक संवाददाताको आँखामा गोरखा आन्दोलन



● राजकुमार दिक्पाल

'तपाईं आफ्नो स्वार्थपूर्ति गर्न लाहुरेको चाकरीमा लिप्त भएको कुरा त बताइरह नै पर्दैन...'

यस्तै अर्थ लाग्ने उद्‍गार ब्यक्त गरेका थिए, धरानमा एक मित्रले । उनले यस्तो उद्‍गार मौखिक रूपमा होइन, लेखेरै र सार्वजनिक रूपमै ब्यक्त गरेका थिए, आजभन्दा १२ अगाडि धरानको एक स्थानीय अखबारमा मेरो नामै किटेर । मलाई नै कटाक्ष गर्नका लागि उनले यो 'महत्वपूर्ण उदगार'का लागि अमूल्य मसी खर्च गरेका थिए ।

कसैले पत्याउने कुरा थिएन यो उनको उद्‍गार । तर मलाई अलि घोच्यो । एक त लाहुरे समुदायबाट केही पनि स्वार्थपूर्ति गर्न सकिँदैन, किनकि उनीहरू कुनै शक्तिमा छैनन् । उनीहरू न मन्त्री हुन्, न प्रशासक वा राजनेता । लाहुरे समुदायबाट मैले पो के स्वार्थपूर्ति गर्न सक्थेँ र ? गोरखा आन्दोलनकै बारेमा समाचार लेख्दा आफ्नैबारे समाचार पढ्नेको संख्या पनि १२ वर्ष अगाडि न्यून थियो ।

हो, म लाहुरे समुदायको अधिकार स्थापनाका लागि समाचार लेख्थेँ । भर्खरै गोरखा भूतपूर्व सैनिक संघ (गेसा) स्थापना भएको थियो । यसको आन्दोलनको हावाले पूर्वी नेपाललाई पनि छोएको थियो । त्यसमा पनि लाहुरेहरूको घना बस्ती भएको धरान अछूतो रहने कुरै थिएन । म आफूलाई धनकुटा साँघुरो महसूस भएपछि अलि ठूलो ठाउँ खोज्दै धरान आएको थिएँ । त्यसबेला हामी गोरखा भूतपूर्व सैनिक संघलाई 'गेसो' होइन, गोभूपू भन्थ्यौं ।

तर धरान आइपुग्दा कतिपयले मलाई आफ्नो भाग खोस्न आएजस्तै ब्यवहार गरे । मलाई आप्रवासी शब्दले समेत सम्बोधन गरे । उनै मित्र (जोसँग मेरो अहिले नराम्रो सम्बन्ध छैन) ले समेत आफ्नो उदगारमा मलाई आप्रवासी शब्द प्रयोग गरेका थिए । तर नडराउनु नबिराउनु । यस्तो निरर्थक र असत्य लाञ्छनाले मेरो रौं पनि हल्लिएन ।

तर म धरानमा लामो समय टिक्न सकिनँ । खासगरी मेरो आर्थिक बाध्यता त्यसको कारक थियो । अहिलेजस्तो पत्रकारिताको उत्पात ब्यावसायिक विकास पनि भइसकेको थिएन । आर्थिक आधारहरू थिएनन् । त्यसबेलाको आर्थिक अभावमा गुज्रनु परेको क्षण सम्झँदा अहिले पनि कहाली लागेर आउँछ । केही नवप्रवेशी सञ्चारकर्मीहरूलाई पत्रकारितामा लाग्न र हरेस नखान प्रेरणा दिएर म ५० किलोमिटर मास्तिरको मेरो गाउँ फर्कें । ठूलो ठाउँमा केही गर्न हिँडेको, प्रगति गरेर झन् ठूलो ठाउँमा पुग्नुपर्ने, तर म त आफ्नै गाउँ फर्कें । गाउँ फर्कँदा मेरो शिर निहुरिएको थिएन ।

हामीले धरानबाटै गोरखा भूतपूर्व सैनिकहरूको मुद्दालाई सञ्चारमाध्यममा उठाउने पहल गर्‍यौं । त्यसो त डा. चन्द्रबहादुर गुरूङ र गेसो सभापति पदमबहादुर गुरूङ अनि प्रदिप थापामगरहरूले गोरखाली सवाललाई प्रेसमा ल्याएका हुन् सर्वप्रथम । तर मूलधारको भनिने सञ्चारमाध्यममा गोरखाली सवाललाई ल्याउने सञ्चारकर्मीहरूमा त त्यतिखेर धरानमा सक्रिय रहेका हामीहरू नै हौं भन्ने हाम्रो दाबी छ । यसरी निरन्तररूपमा गोरखाली आन्दोलनलाई साथ दिएको हुँदा केही बढी बुझ्नेहरूले मलाई आफ्नो स्वार्थपूर्तिका लागि लाहुरे समुदायको चाकरी गरेको समेत आरोप लगाए । कठै उनीहरूको बुझाईको स्तर !

मेरो एक जना साहित्यकार साथी छन्, शशि लुम्मुम्बु । हालै उनका एक साथीले उनैलाई कटाक्ष गर्दै भनेछन्, साथी त्यत्रो लाहुरेहरूसँग काम गर्छन् । एक सुको कमाएका रहेनछन् । के गरेको होला साथीले त्यस्तो । शशिजी, लाहुरे साहित्यकारहरूलाई पुस्तक निकाल्ने क्रममा सघाउपघाउ गर्छन् । लाहुरेहरू दुहुना भैसी हुन् ? लाहुरेहरू पैसाका खानी हुन् ? आखिर लाहुरेहरू पनि त हामीजस्तै श्रमजीवीहरू न हुन् । यसरी हामीले गोरखालीहरूसँग नजिकको सम्बन्ध राखेर काम गर्नुपर्दा विभिन्न खालका आरोपहरूबाट आरोपित हुनुपरिरहेको अवस्था छ । तर यस्तो निराधार आरोपहरूले हाम्रो काममा ब्यवधान खडा गर्ने छैनन् ।

अहिले गेसोले आफ्नो निरन्तर आन्दोलनका क्रममा केही महत्वपूर्ण सफलताहरू हासिल गरिरहेको छ । यसको प्रतिफल सबै गोरखालीहरूले प्राप्त गरिरहेका छन् । एक जना सञ्चारकर्मीको नाताले मैले यो आन्दोलन, यो आन्दोलनको भावनालाई राम्ररी बुझेको छु । यो आन्दोलन केवल पेशागत आन्दोलन होइन, यो आन्दोलन हैसियत खोज्ने आन्दोलन हो । यो आन्दोलन गेसोको निरन्तर अभियान, धैर्यता, चातुर्यता अनि बेलायती जनताको साथ सहयोगबाट अगाडि बढेको आन्दोलन हो । एउटा सञ्चारकर्मीको हैसियतले मैले बुझेको कुरा यही हो ।

शुरूमा विशुद्ध गोरखालीहरूको अधिकारको सवाललाई लिएर अगाडि बढेको आन्दोलनका क्रममा गेसो नै अगाडि आएको देखियो । पछि नेपाल भूतपूर्व सैनिक संघ, जो कुनै अमुक राजनीतिक पार्टीको भातृ संगठन हो, त्यो देखियो । तर बेलायतमै पुगेर बेलायती बराबरको हैसियत खोज्ने, मुद्दा लड्ने र प्रतिफल समेत पाउने गोरखाली संगठनमा गेसोजस्तो बलियो संस्था देखिएन । यसरी गोरखाली सवालका सन्दर्भलाई नजिकबाट नियालिरहेछु । यसरी मैले आन्दोलनलाई नजिकबाट नियालिरहँदा फेरि पनि मलाई लाहुरेको चाकरी गरेर स्वार्थपूर्ति गर्‍यो भनी लाञ्छना लगाउने कोही छन् कि?

गोरखाली आन्दोलनका चरणहरू अझै सकिएका छैनन् । अर्काको लागि ज्यानको बाजी थाप्ने, पराई भूमिमा ज्यान गुमाउने ज्ञात अज्ञात गोरखालीहरूको परिवारले क्षतिपूर्ति पाउनुपर्ने मुद्दा अझै थाँती छन् । बेलायती बराबरको हैसियत प्राप्तीको दिशातिर अझै बढ्नु छ । विगत दुई बर्षदेखिको हिसाब किताब गर्ने बाँकी छ । अब यो आन्दोलन कसरी अगाडि बढ्छ, एक जना पर्यवेक्षक भएर म यो आन्दोलनको गति नियालिरहेछु । ❍